नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेबसाईट: www.daorasuwa.moha.gov.np
धुन्चे, रसुवा

पत्र संख्या :
चलानी नम्बर :

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

## पुनः निषेधाज्ञा जारी गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना ।

जिल्लास्तरमा कोभिड-१९ को संक्रमण जोखिम न्यूनिकरण रोकथाम तथा निर्मुल गर्न यसको संक्रमण फैलन नदिनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१२/०९, २०७६/१२/१६ र २०७६/१२/२४ गतेको निर्णयानुसार संक्रामक रोग ऐन,२०२० को दफा २ (२) र स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६ (३) बमोजिम मिति २०७७/०१/०३ गते बुधबार मध्यरातसम्म जारी गरिएको निषेधाज्ञा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०१/०२ गतेको निर्णयानुसार २०७७/०१/१५ गते सोमबार मध्यरातसम्मका लागि पुनः निषेधाज्ञा जारी गरिएको छ। जारी भएको उक्त अवधिभर निम्नानुसार गर्न गराउनुहुन अनुरोध छ।

**निम्नः**

१. औषधी उपचार, खाद्यबस्तु खरिद जस्ता अत्यावश्यक काममा वाहेक कुनैपनि व्यक्ति घरबाट बाहिर ननिस्कने।

२. अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने वाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रु वाहक सवारी साधन सञ्चालन नगर्ने।

३. जिल्ला भित्रका औषधी, उपकरण र उपचारका सामग्री उत्पादन, बिक्री बितरण तथा ढुवानी सेवा, पशुपंछी र माछाको दाना, कुखुराको चल्ला ढुवानी सेवा, खाद्यबस्तु होम डेलिभरी गर्ने सेवा, बैंकिङ्ग, दूरसञ्चार, विद्युत सेवा, फोहोर मैला व्यवस्थापन सेवा, एम्बुलेन्स सेवा लगायतका अत्यावश्यक सेवाहरु नियमित रुपमा तथा खाद्यबस्तु, ईन्धन (ग्याँस, पेट्रोल, डिजेल, मट्टितेल), खानेपानी, दुध फलफूल, तरकारी लगायतका अन्य अत्यावश्यक व्यवसायहरु दिनमा २ पटक (बिहान ७:०० बजेदेखि ९:०० बजेसम्म र बेलुकी ४:०० बजेदेखि ६:०० बजेसम्म) मात्र खुला गर्ने।

४. धेरै मानिस जम्मा भएर गरिने धार्मिक तथा साँस्कृतिक कार्यक्रम गर्न निषेध गर्ने। गर्नैपर्ने भएमा घर कम्पाउण्ड र सिमित क्षेत्रभित्र एउटै परिवार वा ५ जना भन्दा बढी जम्मा नहुने।

५. अत्यावश्यक उपभोग्यबस्तुहरुको कृतिम अभाव देखाई मूल्य वृद्धि गर्ने र कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा अवरोध गर्ने व्यक्ति वा समूहलाई तत्काल नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम कारवाही गर्ने।

६. उल्लेखित आदेशको अवज्ञा वा अवहेलना गर्ने वा काममा वाधा, अवरोध पुर्याउने व्यक्तिलाई प्रचलित कानून बमोजिम कडा कारवाही गरिने व्यहोरा समेत सूचित गरिन्छ।

बैशाख ०३, २०७७।

अर्जुन भण्डारी
प्रमुख जिल्ला अधिकारी